कर बुलेटिन
Tax Bulletin
http://www.ird.gov.np
आन्तरिक राजस्व विभागको मासिक प्रकाशन
वर्ष ७, अङ्क ५, २०७६ भदौ    Year 7, Issue 5, August-September 2019

## राजस्व संकलनमा २३ प्रतिशतको वृद्धिदर

आर्थिक वर्ष २०७५/७६ को लागि विभागलाई रु.५०६ अर्ब १८ करोडको लक्ष्य प्राप्त भएको छ। उक्त लक्ष्य मध्ये श्रावणदेखि भाद्र दुई महिनाको लागि रु. ६४ अर्ब १० करोड लक्ष्य रहेकोमा रु. ५५ अर्ब ७४ करोड संकलन भई लक्ष्यको तुलनामा ८७ प्रतिशत संकलन भएको छ। यो संकलन गत आर्थिक वर्षको यसै अवधिको संकलनको तुलनामा रु. १० अर्ब ५८ करोड अर्थात २३ प्रतिशतले बढी हो। शीर्षकगत रुपमा हेर्दा आयकर तर्फ रु. २७ अर्ब ९९ करोडको लक्ष्यमा रु. २३ अर्ब ६२ करोड संकलन भई लक्ष्यको तुलनामा ८४ प्रतिशत संकलन भएको छ। मूल्य अभिवृद्धि करतर्फ रु. २१ अर्ब २४ करोड लक्ष्यमा रु. २० अर्ब १३ करोड अर्थात लक्ष्यको ९५ प्रतिशत संकलन भएको छ। अन्तःशुल्कमा रु. ११ अर्ब २९ करोड संकलन भएको छ, जुन यस अवधिको लक्ष्य रु. १४ अर्ब ६० करोडको ७७ प्रतिशत हो। त्यसैगरी शिक्षा सेवा शुल्कमा रु.२५ करोड लक्ष्यमा रु.१४ करोड संकलन भई लक्ष्यको तुलनामा ५७ प्रतिशत संकलन भएको छ।

बाँकी पृष्ठ ९ मा

## महानिर्देशकको विदाई तथा स्वागत



नेपाल सरकारको निर्णयानुसार यस विभागको महानिर्देशकमा सरुवा भई आउनु भएका बिनोद बहादुर कुँवरले मिति २०७६।५।१६ गते सोमबार पद बहाली गर्नु भयो। पद बहाली पश्चात महानिर्देशक कुँबरको स्वागत तथा यस विभागबाट सरुवा भई जानु हुने महानिर्देशक विष्णुप्रसाद नेपालको बिदाई एक कार्यक्रमका साथ विभागको सभाहलमा सम्पन्न भयो। कार्यक्रममा मन्तव्य व्यक्त गर्दै विष्णुप्रसाद नेपालले सर्वप्रथम महानिर्देशक कुँबरलाई स्वागत गरी कार्यकालको पूर्ण सफलताको कामना गर्दै असल पात्र र योग्य प्रशासकलाई जिम्मेवारी हस्तान्तरण गर्न पाएको भनी खुशी प्रकट गर्नु भयो। आफूले सोह्र महिना गरेको कार्यानुभवका आधारमा नवनियुक्त महानिर्देशकलाई लिखित संस्थागत

बाँकी पृष्ठ ३ मा....

### यसभित्र

नेपाल र संयुक्त अधिराज्यबीच दोस्रो चरणको वार्ता सम्पन्न — पृष्ठ ४
विद्युतीय कारोवारमा करारोपण सम्बन्धी तालिम सम्पन्न — पृष्ठ ६
आन्तरिक राजस्व कार्यालय बागलुङ्गद्वारा कर शिविर तथा करदाता शिक्षा कार्यक्रम सञ्चालन — पृष्ठ १२

# महानिर्देशकको सन्देश



**कर छली गर्ने तथा कर चुहावटमा उद्यत रहने व्यक्ति तथा पक्षप्रति निगरानी राखी त्यस्तो कार्यलाई दण्डित तथा दुरुत्साहन गर्न विभाग र मातहतका कार्यालयहरू चनाखो रहेको छ । यसका लागि नियमित बजार अनुगमन गर्ने, सूचनामा आधारित कर परीक्षण र विस्तृत छानवीन तथा अनुसन्धानात्मक कर परीक्षण, अन्तर विभागीय तथा अन्य सरोकारवाला सम्बन्धित निकायहरूसंग सूचना सञ्जालको संयन्त्र जडान गरी सूचना आदान प्रदान गर्ने र प्राप्त सूचनाको विश्लेषण गरी कर चुहावट तथा कर छलीको नियन्त्रणको कार्यलाई निरन्तरता दिई कर परिपालना (Tax Compliance) को स्तर बढाइने छ ।**

नेपाल सरकारले सुम्पिएको जिम्मेवारी अनुरुप आन्तरिक राजस्व विभागको महानिर्देशकमा बहाली भई कार्य सम्पादन गर्न पाउंदा मलाई खुशी लागेको छ ।

मुलुकले अबलम्बन गरेको संघीय व्यवस्थाको कार्यान्वयन र जनतामा रहेको तिब्र विकासको चाहना परिपूर्तिको लागि आर्थिक श्रोतको माग विस्तार भए संगै यस विभागलाई  यस आर्थिक वर्षमा रु. ५०६ अर्व राजस्व संकलनको लक्ष्य प्राप्त भएको छ । जुन गत वर्षको संकलनको तुलनामा ४१ प्रतिशतले बढी हो । कर राजस्व संकलन हुने माध्यम भनेको स्वयं निर्धारणको पद्वति अनुरुप करदाताले दाखिला गर्ने कर रकम नै हो । यसको लागि कर प्रशासनले कर शिक्षा लगायत प्रक्रियागत सहजीकरण गर्ने मात्र हो । करका दरहरु परिवर्तन नभएको अवस्थामा बढ्दो आर्थिक क्रियाकलाप र व्यापारिक गतिविधिसंगै करदाताहरु करको दायरामा आएर कर सहभागिताको स्तर बृद्धि भई कर संकलनमा बढोत्तरी हुने अपेक्षा विभागले राखेको छ। यसको लागि आन्तरिक राजस्व प्रशासनले क्रमशः संगठन विस्तार गर्दै करदातालाई नजिकबाट सेवा पुऱ्याउने, अझ प्रविधिमैत्री भई सहभागिता लागत न्यून गर्ने व्यवस्थाको सुनिश्चितता गर्नका लागि प्रक्रियागत सरलीकरण सहित कर शिक्षा तथा सचेतना जस्ता प्रवर्द्धनात्मक कार्यहरु संचालन गर्दै आएको छ ।

यस्ता सुधारका श्रृङ्खलाहरुले विभागको उद्धेश्य करदातामैत्री सेवाको माध्यमबाट स्वैच्छिक कर सहभागितामा बढावा दिनेतर्फ उद्दत रहेको प्रष्ट हुन्छ। स्वैच्छिक कर सहभागिताको जग नै आर्थिक कारोवारको सहि र यथार्थ लेखांकनमा निर्भर रहन्छ । तसर्थ कारोवार गरे पश्चात अनिवार्य रुपमा विल विजक जारी गर्नु, कारोवारको सहि लेखाङ्कन गर्ने र लेखाङ्कन गरिएको कारोवार अनुसार तोकिएको समयमा यथार्थपरक ढंगले विवरण र विवरण अनुसार सिर्जना हुने कर रकम दाखिला गर्नु करदाताहरुको दायित्व हो । विभागले करदाताबाट आफ्नो दायित्व ईमान्दारी साथ परिपालन हुने अपेक्षा गरेको छ । साथै असल कर सहभागिता जनाउने करदाताहरुको संरक्षण तथा सहयोगको लागि आन्तरिक राजस्व प्रशासन सदा तत्पर रही करदाताहरुको दायित्व परिपालनाको लागत न्यूनीकरण गर्नका लागि कानूनी, संरचनागत र प्रणालीगत सुधार समेत गर्दै आएको छ ।

यस वर्षको आर्थिक ऐनबाट कर सम्बन्धी कानूनहरुमा भएका संशोधनले सरकारी लगायत तोकिएका संघसंस्थाले मूल्य अभिबृद्धि कर भुक्तानीमा पचास प्रतिशत कर कट्टा गरी दाखिला गर्नु पर्ने, विल विजक जारी गराउन उपभोक्तालाई प्रोत्साहन स्वरुप दश प्रतिशत मूल्य अभिबृद्धि कर फिर्ता हुने, ढुवानी सेवामा मूल्य अभिबृद्धि कर लाग्ने एवं आयकरतर्फ खर्चकट्टी दावी गर्न अपूर्तिकर्ता वा रोजगारीकर्ताको स्थायी लेखा नम्बर हुनु पर्ने लगायतका प्रावधानहरु थप भएका छन् । संशोधित उपर्युक्त व्यवस्थाहरुले आम्दानी तथा खर्चमा पारदर्शीता ल्याई कारोबार तथा लेखा यथार्थपरक हुने र करको दायरा विस्तार हुने अपेक्षा राखिएको छ ।

कर छली गर्ने तथा कर चुहावटमा उद्यत रहने व्यक्ति तथा पक्षप्रति निगरानी राखी त्यस्तो कार्यलाई दण्डित तथा दुरूत्साहन गर्न विभाग र मातहतका कार्यालयहरु चनाखो रहेको छ। यसका लागि नियमित बजार अनुगमन गर्ने, सूचनामा आधारित कर परीक्षण र विस्तृत छानवीन तथा अनुसन्धानात्मक कर परीक्षण, अन्तर विभागीय तथा अन्य सरोकारवाला सम्बन्धित निकायहरुसंग सूचना सञ्जालको संयन्त्र जडान गरी सूचना आदान प्रदान गर्ने र प्राप्त सूचनाको विश्लेषण गरी कर चुहावट तथा कर छलीको नियन्त्रणको कार्यलाई निरन्तरता दिई कर परिपालना (Tax Compliance) को स्तर बढाइने छ। कर छलीको कार्यमा उद्यत रहने वा कर चुहावट गर्ने कुनै पनि व्यक्तिलाई कुनै बहानामा छुट सुविधा नदिने र कर बेरुजू एवं बक्यौता राख्ने व्यक्तिबाट कानूनको कठोर पालना गरी असूल उपर गरिने छ। राजस्व नीति तथा कर कानूनको कार्यान्वयनमा अर्थ मन्त्रालयबाट प्राप्त सहयोग र मार्ग निर्देशनले राजस्व असूलीको कार्यमा सघाउ पुगेको स्मरण गर्दै आगामी दिनमा समेत मार्ग निर्देशनको अपेक्षा राखेको छु । यसै गरी अन्तर विभागीय समन्वय, निजी क्षेत्रका अगुवा संघसंस्थाका नेतृत्व तथा प्रतिनिधिहरु लगायत नियामक निकायहरुसंगको समन्वय र सहयोगबाट मात्र राजस्व संकलन तथा कर कानून कार्यान्यनमा टेवा पुग्ने हुँदा नीतिगत तथा संगठनात्मक सुधारको कार्य समेतमा सबैको साथ र रचनात्मक सहयोगको अपेक्षा गरेको छु।

विभागको कार्य सम्पादन स्तरलाई तोकिएको लक्ष्यसम्म प्राप्त गर्नको लागि कर प्रशासन परिवार आफ्नो स्वीकृत आचार संहिताको अक्षरशं पालना, सदाचारिताको प्रवर्धन एवं पारदर्शिता र जवाफदेहिताका साथ आफ्नो कार्यक्षेत्रमा खटिइरहेको छ भन्नेमा म विश्वस्त रहेको छु ।

**बिनोद बहादुर कुँवर**
**महानिर्देशक**
**२०७६, भदौ**

## महानिर्देशकको....

संस्मरणपत्र हस्तान्तरण गरेको जानकारी गराउनु भयो । मन्तव्यको क्रम जोड्दै नेपालले करका विषय जटिल हुन्छन्। यसको छिनोफानो गर्ने मुख्य निकाय आन्तरिक राजस्व विभाग नै हो, यस विभाग तथा मातहतका कार्यलयमा कार्यरत अनुभवी पदाधिकारीहरु नै करको विज्ञ हुन्छ । यिनै अनुभव तथा विज्ञताबाट प्राप्त हुने सामूहिक रायको आधारमा महानिर्देशकले लिने निर्णय संस्थागत हुँदै जाने बताउनु भयो । यस विभाग अन्तर्गतका विभिन्न कार्यालयमा कार्यालय प्रमुख एवं विभागमा निर्देशक, उपमहानिर्देशक र महानिर्देशकको जिम्मेवारी पूरा गरेको र अर्थ मन्त्रालय तथा राष्ट्रिय योजना आयोगमा रहि गरेको कार्य अनुभवको स्मरण गर्दै यिनै अनुभवले हाल तोकिएको नयाँ जिम्मेवारीको भूमिका निभाउन सजिलो हुने आशा व्यक्त गर्नु भयो । चालु आ.ब.को लागि विभागलाई तोकिएको राजस्व संकलनको लक्ष्य, कर प्रणालीमा सुधार गर्न शुरु गरिएका सुधारका कदमहरु, कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ताको व्यवस्था, कार्य सूचकांकको आधारमा कार्यालयको ग्रेडिङ् गर्ने प्रणाली एवं कर प्रशासनमा कार्यरत अनुभवी तथा विज्ञता हासिल गरेका जनशक्तिको विषयमा अनुभवको आधारमा समीक्षा गर्दै उच्च मनोवलका साथ तटस्थ रुपमा कर कानूनको सहि कार्यान्वयका साथ कार्यसम्पादन गरेमा आगामी बाटो सहज हुने धारणा राख्नु भयो । वहाँले आफ्नो कार्यकालमा लिएको निर्णय तथा प्रवाह गरेको निर्देशन संस्थाको हितको लागि निर्बैयक्तिक रुपमा गरेकोले सोहि रुपमा ग्रहण गरिदिन आग्रह समेत गर्नुभयो ।

मन्तव्य पश्चात विभागमा भर्खरै बहाली गर्नु भएका महानिर्देशक बिनोद बहादुर कुँबरले सरुवा हुनुभएका महानिर्देशक विष्णुप्रसाद नेपाललाई मायाको चिनो सहित माला तथा रातो टिका र ढाका टोपी लगाएर विदाई गर्नु भयो । सोहि समयमा महानिर्देशक बिनोद बहादुर कुँबरलाई रातो टिका तथा माला लगाईदिएर विष्णुप्रसाद नेपालले स्वागत गर्नु भयो। स्वागत विदाईको कार्य पछि महानिर्देशक कुँबरले संक्षिप्त मन्तव्य राख्नु भएको थियो । मन्तव्यको क्रममा महानिर्देशक कुँबरले राजस्व प्रशासन अन्तर्गत केहि समय भन्सार विभाग तथा राजस्व प्रशासन तालिम केन्द्रमा कार्यानुभव गरेको स्मरण गर्दै दक्ष तथा व्यवसायिक क्षमतायुक्त अनुभवी टीम रहेको आन्तरिक राजस्व विभागमा आफू खाली दिमाख लिएर आएको वताउनु भयो । अनुभवी टीमको सहयोगमा कर प्रशासनलाई व्यवसायमैत्री, प्रविधियुक्त र अझ राम्रो बनाउन प्रतिज्ञा गरेको छु भन्दै नीतिगत तथा संगठनात्मक सुधारको लागि सबैको साथ र सहयोगको अपेक्षा राख्नुभयो । साथै सरुवा भई जानु हुने अनुभवी महानिर्देशक तथा उपमहानिर्देशकबाट सहयोग पाईरहने विश्वास प्रकट गर्नुभयो । सम्माननीय प्रधानमन्त्रीको "म भ्रष्टाचार गर्दिन र भ्रष्टाचार गर्न दिन्न" र "आफू मातहतको पदाधिकारीको नजरमा गिर्ने काम गर्ने छैन" महत्वपूर्ण दुई भनाईलाई आत्मसात गरी आफूले कार्य गर्ने र उपस्थित सबैलाई समेत यस भनाईको पालना हुने गरी कार्य गर्न गराउन निर्देश गर्नु भयो ।

विभागका सबै दर्जाका अधिकृत तथा कर्मचारीहरु एवं ठूला करदाता कार्यालय र मध्यमस्तरीय करदाता कार्यालयका प्रमुख कर अधिकृतहरु सहित कार्यालय प्रमुखहरु र काठमाडौं उपत्यकाका सबै आन्तरिक राजस्व कार्यालयका प्रमुखहरुको सहभागिता रहेको यस कार्यक्रममा विभागका उपमहानिर्देशक थानेश्वर गौतम र मध्यमस्तरीय करदाता कार्यालयका प्रमुख कर प्रशासक गजेन्द्र ठाकुरको स्वागत समेत गरिएको थियो ।

## आन्तरिक राजस्व विभागको

### अनुसूची तथा फारामहरुमा समसामयिक परिमार्जन सम्बन्धि सूचना

आयकर ऐन, २०५८ को दफा ९६ बमोजिम दाखिला गर्नुपर्ने आय विवरण साथ पेश हुने अनुसूची तथा फारामहरुमा समसामयिक परिमार्जन गरी मिति २०७६।०४।०१ देखि लागू हुने गरी आयकर ऐन, २०५८ को दफा ७७ बमोजिम तोकि सोहि दफाको उपदफा (२) बमोजिम सम्बद्ध सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

# नेपाल र संयुक्त अधिराज्यबीच प्रस्तावित दोहोरो कर मुक्ति सम्झौताको लागि दोस्रो चरणको बार्ता सम्पन्न



नेपाल सरकार र संयुक्त अधिराज्य सरकारबीच दोहोरो कर मुक्ति सम्झौताको लागि दोस्रो चरणको बार्ता मिति २०७६/०५/२३ देखि २०७६/०५/२७ (September 9-13, 2019) सम्म काठमाडौंमा सम्पन्न भयो। आन्तरिक राजस्व विभागको बैठक कक्षमा भएको पाँच दिने उक्त वार्तामा नेपाली वार्ता टोलीको नेतृत्व आन्तरिक राजस्व विभागका महानिर्देशक बिनोद बहादुर कुँवरले गर्नु भएको थियो । बार्ता टोलीका अन्य सदस्यहरुमा अर्थ मन्त्रालयका उपसचिव चण्डीप्रसाद घिमिरे, कानून न्याय तथा संसदीय मामिला मन्त्रालयका उपसचिव अरुणा जोशी, परराष्ट्र मन्त्रालयका उपसचिव शत्रुघ्न प्रसाद शर्मा पोखरेल र आन्तरिक राजस्व विभागका निर्देशक विमल सापकोटा रहनु भएको थियो। वार्तामा ठूला करदाता कार्यालयका प्रमुख कर प्रशासक धनीराम शर्मा विज्ञको रुपमा सहभागी हुनुभएको थियो । साथै आन्तरिक राजस्व विभागका शाखा अधिकृत शिला अधिकारी र आन्तरिक राजस्व कार्यालय, कलंकीका कर अधिकृत उमेशराज रिमाल समेत वार्तामा सहभागी हुनुभएको थियो।

संयुक्त अधिराज्यको वार्ता टोलीको नेतृत्व Her Majesty's Revenue and Customs (HMRC) का Senior Policy Advisor Mr. Thomas Matthews ले गर्नु भएको थियो भने वार्ता टोलीका अन्य सदस्यहरुमा HMRC का Senior Policy Advisor हरु Mr. Daniel Berry र Mr. Adrian Coates रहनु भएको थियो।

सन् २०१३ मा नेपालले दोहोरो कर मुक्ति सम्झौता गर्न संयुक्त अधिराज्य सरकारलाई प्रस्ताव पठाए पछि दुबै पक्षवाट आ-आफ्नो प्राथमिकताका प्रस्तावहरु आदान प्रदान गरिएका थिए । नेपाल सरकार र संयुक्त अधिराज्य सरकारबीच दोहोरो कर मुक्ति सम्झौताको लागि पहिलो चरणको वार्ता २०७५/०८/१० देखि २०७५/०८/१४ (26-30 November 2018) सम्म संयुक्त अधिराज्यको राजधानी लण्डनमा सम्पन्न भएको थियो।

यस पटकको वार्तामा पहिलो चरणमा सहमति हुन नसकेका विषयहरुमा छलफल भई धेरै विषयहरुमा द्विपक्षीय सहमति कायम भयो। हाल सहमति हुन नसकेका Persons Covered,

Permanent Establishment, International Shipping and Air Transport, Dividend, Interest, Capital Gain, Independent Personal Services, Pension / Mutual Agreement Procedure लगायतका केही बिषयमा साझा सहमति हुन नसकी आगामी दिनमा इमेल तथा पत्राचारको माध्यमबाट विषयहरुमा सहमति कायम गर्दै जाने निश्कर्ष सहित दास्रो चरणको वार्ता सफलतापूर्वक सम्पन्न भयो ।

नेपालले यसभन्दा अघि भारत, चीन, पाकिस्तान, बंगलादेश, श्रीलंका, गणतन्त्र कोरिया, थाइल्याण्ड, कतार, मौरिसस, नर्वे र अष्ट्रिया गरी एघार मित्रराष्ट्रहरुसँग दोहोरो कर मुक्ति सम्झौता गरिसकेको छ ।

# महानिर्देशक र विभागका विभिन्न पदाधिकारीहरु बीच कार्य सम्पादन सम्झौता सम्पन्न

आन्तरिक राजस्व विभागका महानिर्देशक विष्णुप्रसाद नेपाल र विभागका उपमहानिर्देशकहरु र निर्देशकहरुसंग चालू आ.व.मा गर्नु पर्ने कार्यहरुको कार्य सम्पादन सम्झौता भएको छ । २०७६ भाद्र ३ गते विभागको सभाहलमा आयोजित कार्यक्रममा उक्त सम्झौता भएको हो ।

सम्झौतामा महाशाखा तथा शाखाले वर्षभरीमा सम्पादन गर्नु पर्ने महत्वपूर्ण कार्यहरुलाई समय सारिणी अनुसार पूरा गर्नु पर्ने विषय समावेश गरिएको छ। वार्षिक लक्ष्य प्राप्तिका लागि सम्झौता गर्ने पदाधिकारी महानिर्देशक प्रति पूर्ण रुपमा जवाफदेही हुनु पर्ने सम्झौतामा उल्लेख छ । सम्झौतामा महाशाखा र शाखाले गर्नु पर्ने कार्यलाई विभाजन गरी हरेक कार्यलाई निश्चित भार समेत दिइएको छ ।



# विद्युतीय कारोवारमा करारोपण सम्बन्धी तालिम सम्पन्न




आन्तरिक राजस्व विभागमा GIZ Revenue Administration Support (RAS) Project को सहयोगमा विद्युतीय कारोवारको करारोपण (Taxation on Digital Transaction) विषयक तीन ३ दिने तालिम सम्पन्न भएको छ । विभाग र उपत्यका स्थित कार्यालयका अधिकृतहरुका लागि लक्षित गरी विभागको सभाहलमा संचालन गरिएको उक्त तालिम कार्यक्रममा मध्यमस्तरीय करदाता कार्यालयका प्रमुख कर प्रशासक सहित विभागका निर्देशकहरु, शाखा अधिकृतहरु र उपत्यका स्थित विभिन्न कार्यालयका कर अधिकृतहरु गरी ३२ जनाको सहभागिता रहेको थियो ।

२०७६ भाद्र २६ देखि २९ गतेसम्म संचालित उक्त तालिममा विशेष गरी विद्युतीय कारोवारको माध्यमबाट हुने व्यावसायमा कर छली गर्ने नविन तरिकाहरुको प्रयोग र कर योजना (Tax Planning) गर्ने विभिन्न तरिकाहरु र सोको निराकरणका लागि करारोपण गर्ने विषयमा जानकारी प्रदान गरिएको थियो । तालिममा विद्युतीय कारोवारका क्षेत्रहरु, सूचना संकलनका श्रोतहरु, सूचना संकलनमा प्रविधिको उपयोग लगायतका विषयवस्तुमा प्रशिक्षणका विविध विधिहरुको प्रयोग गरी तालिम संचालन गरिएको थियो । तालिम समापनको अवसरमा विभागका महानिर्देशक विनोद वहादुर कुंवरले प्रशिक्षार्थीहरुलाई बधाई दिनुका साथै व्यवसायमा आएको नविनतम पद्धतिका कारण राजस्व चुहावटका क्षेत्रहरुमा समेत बृद्धि हुंदै गएकोले त्यसतर्फ कर प्रशासनले विशेष निगरानी बढाउनु पर्ने आवश्यकता औंल्याउनु हुँदै आगामी दिनहरुमा थप उर्जावान र लगनशील भई कार्य गर्न र तालिममा सिकेका कुरा कार्यक्षेत्रमा लागू गर्न सहभागीहरु सवैलाई आग्रह गर्नुभयो ।

## आन्तरिक राजस्व विभागको

**ठेक्का वा करार अन्तर्गतको मूल्य अभिवृद्धि कर भुक्तानी सम्बन्धी सूचना ।**

“सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संघ संस्थाले ठेक्का सम्झौता वा करार अन्तर्गत आपूर्ति हुने वस्तु वा सेवा वा वस्तु तथा सेवा बापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको पचास प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजस्व शीर्षकमा जम्मा गरी बाँकी रहने कर बापतको रकम मात्र भुक्तानी गर्नु पर्नेछ“ भन्ने व्यवस्था कार्यान्वयनका क्रममा यस अघि भएको परिपत्र एवं सूचना पश्चात पनि केहि द्विविधा रहन गएको बुझिन आएकोले उक्त व्यवस्था ठेक्का संझौता वा करार अन्तर्गत आपूर्ति हुने वस्तु वा सेवा वा वस्तु तथा सेवा वापतको भुक्तानीमा मात्र आकर्षित हुने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# विभागको तेस्रो सुधार योजनाको मस्यौदा प्रतिवेदन माथि छलफल

आन्तरिक राजस्व विभागको दोस्रो पञ्चवर्षीय रणनैतिक योजनाको सफल कार्यान्वयनका लागि आगामी तीन बर्षमा विभागले सम्पादन गर्ने कार्यहरुको प्राथमिकता निर्धारणका साथै विभिन्न कार्ययोजनाहरु समावेश गरी तयार गरिएको विभागको तेस्रो सुधार योजनाको मस्यौदा प्रतिवेदनमा छलफल गरियो । GIZ RAS परियोजनाको आर्थिक सहायतामा बाह्य विज्ञद्वारा तयार गरिएको मस्यौदा प्रतिवेदन उपर विभागका पदाधिकारीहरु र उपत्यका स्थित कार्यालयका कार्यालय प्रमुखहरु समेतको सहभागितामा छलफल गरी सहभागीहरुको पृष्ठपोषण लिइएको थियो । समग्र विभागको तीन वर्षको कार्य प्राथमिकीकरणको जानकारी प्रदान गर्दै आवश्यक सुधारका विषयमा सुझाव संकलन गर्ने अभिप्रायले आयोजित उक्त कार्यक्रममा सुधार योजना तयारीमा विज्ञको रुपमा कार्य गर्ने प्रा.डा. श्रीकृष्ण श्रेष्ठले प्रतिवेदनको प्रस्तुतीकरण गर्नु भएको थियो भने सहभागीहरुले उक्त प्रतिवेदन माथि आफ्नो सुझावहरु राख्नु भएको थियो ।



नेपाल सरकार
अर्थ मन्त्रालय

## आन्तरिक राजस्व विभाग

### विद्युतीय भुक्तानी (e-Payment) प्रणाली सम्वन्धी सूचना

मिति २०७५ आश्विन १ गतेबाट आन्तरिक राजस्व विभागको एकिकृत कर प्रणाली ( Integrated Tax System ) को Tax Payer Portal बाट प्रबेश गरी करदाताले विद्युतीय भुक्तानी (E-payment) प्रणाली मार्फत राजस्व दाखिला गर्न सकिने व्यवस्था कार्यान्वयनमा आइसकेकोले उक्त प्रणालीको प्रयोग गरी राजस्व दाखिला गर्नुहुन सम्वन्धित एवं करदातामा अनुरोध गरिन्छ । विद्युतीय माध्यमबाट राजस्व भुक्तानी गर्ने विस्तृत प्रकृया विभागको website : www.ird.gov.np मा राखिएकोले सोबाट थप जानकारी लिनुहुन अनुरोध छ ।

# वित्तीय पारदर्शीताका लागि वित्तीय विवरणको सूचना आदान प्रदान गर्ने प्रणालीमा बैक तथा वित्तीय संस्थाहरुको पहुँच

आ.व २०७५/७६ को बजेट वक्तव्य र मौद्रिक नीतिमा वित्तीय पारदर्शीताका लागि व्यवसायीहरुले कर प्रशासनमा पेश गरेको वित्तीय विवरण र बैक तथा वित्तीय संस्थामा पेश गरेको वित्तीय विवरणको सुचना आदानप्रदान गर्ने स्वचालित प्रणालीको विकास गर्ने व्यवस्था उल्लेख भएको थियो । सोको कार्यान्वयन गर्ने गराउने सन्दर्भमा नेपाल राष्ट्र बैक, नेपाल बैकर्स एशोसियसन, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थासंगको सहकार्यमा भएको छलफलबाट वित्तीय विवरणको सुचना आदानप्रदान गर्ने प्रणाली विकास गरिएको छ । सो प्रणालीको प्रभावकारी कार्यान्वयन गर्ने सन्दर्भमा आन्तरिक राजस्व विभागबाट मिति २०७६/०४/२८ मा फाराम स्वीकृत भएको थियो । बैक तथा वित्तीय संस्थालाई वित्तीय विवरण सम्बन्धी सुचना आदानप्रदान गर्ने प्रणालीमा पहुँचका लागि User ID र Password उपलब्ध गराउने सम्बन्धमा मिति २०७६/०५/२३,२४ र २५ गते आन्तरिक राजस्व विभागको सभा हलमा उपत्यका भित्रका वाणिज्य बैकहरु, विकास बैकहरु, फाईनान्स कम्पनीहरुका कर्जा शाखाका कर्मचारीलाई बैक तथा वित्तीय संस्थाहरुले व्यवसायिक कर्जा प्रवाह गर्दा भर्नुपर्ने वित्तीय विवरणसँग सम्बन्धी सुचनामा प्रविष्ट विवरणलाई आधार लिने विषय, Admin User र General User प्राप्त गर्ने विषयमा विभागका सुचना प्रविधि अधिकृत विनोद विडारीले जानकारी गराउनु भएको थियो ।. कार्यक्रममा यस प्रणालीमा पहुँचका लागि बैक तथा वित्तीय संस्थाहरुले User ID र Password आफु दर्ता रहेको कार्यालयबाट प्राप्त गर्न सक्ने र यस विषयमा विभागबाट आवश्यक थप सहजिकरण समेत गरिने विषयमा जानकारी गराईएको थियो । उक्त कार्यक्रममा आन्तरिक राजस्व विभागका महानिर्देशक विनोद बहादुर कुवँरले वित्तीय पारदर्शीताका लागि वित्तीय विवरणको सुचना आदानप्रदान गर्ने प्रणालीको प्रभावकारी कार्यान्वयनका लागि बैंक तथा वित्तीय संस्थाहरुको सहयोग एवं सहकार्यमा जोड दिनु भएको थियो ।



# राजस्व संकलनमा.....

त्यसैगरी आर्थिक वर्ष २०७६/७७ को भाद्र महिनाको प्रगतितर्फ हेर्दा रु.२४ अर्व ५५ करोड लक्ष्य रहेकोमा रु.२० अर्व २७ करोड संकलन भई लक्ष्यको तुलनामा ८५ प्रतिशत संकलन भएको छ । यो संकलन गत आर्थिक वर्षको यसै अवधिको संकलनको तुलनामा २० प्रतिशतले बढी हो । शीर्षकगत रुपमा हेर्दा आयकरतर्फ रु.९ अर्व ३२ करोडको लक्ष्यमा रु.८ अर्व १८ करोड संकलन भई लक्ष्यको ८८ प्रतिशत प्रगति भएको छ । मूल्य अभिवृद्धि करतर्फ रु.७ अर्व २ करोड लक्ष्य रहेकोमा रु.६ अर्व ६४ करोड अर्थात लक्ष्यको ९५ प्रतिशत संकलन भएको छ । अन्त:शुल्कमा रु.५ अर्व ७३ करोड संकलन भएको छ, जुन रु.८ अर्व ११ करोड लक्ष्यको ७१ प्रतिशत हुन आँउछ । त्यसैगरी शिक्षा सेवा शुल्कमा रु. ९ करोड लक्ष्य भएकोमा रु.७ करोड संकलन भई लक्ष्यको तुलनामा ७५ प्रतिशत संकलन भएको छ ।

*रु. हजारमा*

| शीर्षक | २०७६/७७ भाद्र महिनाको | | | | | २०७६/७७ भाद्र महिनासम्मको | | | | गत वर्षको असुलीको तुलनामा बृद्धिदर |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | गत वर्षको यस अवधिसम्मको प्रगति | लक्ष्य | प्रगति | प्रगति प्रतिशत | गत वर्षको तुलनामा बृद्धिदर | गत वर्षको यस अवधिसम्मको प्रगति | लक्ष्य | प्रगति | प्रगति प्रतिशत | |
| आयकर | ५७८४२३६ | ८१३९०६२ | ७४२५३३८ | ९१।२३ | २८ | १४६८७३९३ | २००२९४१० | १८०१६५६७ | ८९।९५ | २३ |
| बहालकर | १९१७५३ | ३०३७८० | १३७९३५ | | | ६९५५३३ | १०६२४८५ | ६५९८८३ | | |
| ब्याजकर | ५०३८९३ | ८७८०८५ | ६१८५७३ | ७०।४५ | २३ | ४१४८५९२ | ६८९८१७७ | ४९५१६९५ | ७१।७८ | १९ |
| आयकर जम्मा | ६४७९८८२ | ९३२०९२७ | ८१८१८४६ | ८७।७८ | २६ | १९५३१५१८ | २७९९००७२ | २३६२८१४५ | ८४।४२ | २१ |
| मूल्य अभिवृद्धि कर | ५२७६५९२ | ७०२३९६१ | ६६४९३११ | ९४।६७ | २६ | १५०६१०५५ | २१२४७२९६ | २०१३८६४१ | ९४।७८ | ३४ |
| अन्त: शुल्क | ५५८०८०० | ८११८६५३ | ५७३६१६२ | ७०।६५ | ३ | १००३२३६८ | १४६०४३९३ | ११२९५०८५ | ७७।३४ | १३ |
| स्वास्थ्य सेवा शुल्क | ३३४६२ | ० | २३३००३ | | | २८६५०२ | ० | ५३३७११ | | ८६ |
| शिक्षा सेवा शुल्क | ८६८०३ | ९३८१० | ७०१०९ | ७४।७४ | (१९ | २४८१४६ | २५८२६८ | १४८२१६ | ५७।३९ | (४० |
| जम्मा | १७४५७५३९ | २४५५७३५१ | २०८७०४३१ | ८४।९९ | २० | ४५१५९५८९ | ६४१०००२९ | ५५७४३७९८ | ८६।९६ | २३ |

## बस्तु तथा सेवामा मूल्य अभिवृद्धि कर लाग्ने र मूल्य अभिवृद्धि करमा दर्ता हुने सम्बन्धी सूचना

आर्थिक विधेयक, २०७६ ले मूल्य अभिवृद्धि कर ऐन, २०५२ मा गरेको संशोधन अनुसार गहुँको आँटा, सोयावडी मस्यौरा, टेम्पो र ढुवानी सेवामा मूल्य अभिवृद्धि कर लाग्ने र देहायका कारोबारलाई अनिवार्य रुपमा मूल्य अभिवृद्धि करमा दर्ता गर्नुपर्ने गरी थप व्यवस्था भएको व्यहोरा यसै सूचनाबाट जानकारी गराइन्छ ।

- कुनै व्यक्तिले महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका क्षेत्रभित्र शैक्षिक तथा कानूनी परामर्श, लेखा तथा लेखा परीक्षण सम्बन्धी सेवा सञ्चालन गरेमा,
- मदिरा, वाइन, हेल्थ क्लव, डिस्को थेक, मसाज थेरापी, मोटर पार्टस, विद्युतिय सफ्टवेयर, भन्सार एजेन्ट, खेलौनाको व्यवसाय, कवाडी तथा पशुको व्यवसाय,

अत: मूल्य अभिवृद्धि कर ऐन, २०५२ मा भएको संशोधन व्यवस्था मिति २०७६।०२।१५ देखि लागू भइसकेकोले ढुवानी सेवा प्रदान गर्ने व्यक्ति लगायत माथि उल्लेख भएका वस्तु तथा सेवाको कारोवार गर्ने व्यक्तिहरुले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १० बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएर मात्र कारोबार गर्नुपर्ने कानुनी व्यवस्था भएको हुँदा अविलम्ब आफ्नो कारोबार रहेको क्षेत्रको अन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयमा सम्पर्क गरी मूल्य अभिवृद्धि करमा दर्ता हुन सूचित गरिएको छ ।

# करदाता सेवा कार्यालय पाल्पाद्वारा विविध कार्यक्रम संचालन



करदाता सेवा कार्यालय पाल्पाले तम्घास र रामपुरमा, स्थानीय उद्योग वाणिज्य संघ र घरेलु तथा साना उद्योग कार्यालय तानसेनको समन्वय र सहयोगमा रामपुरमा कर शिविर संचालन गरी कर सम्बन्धी सेवा प्रदान गरेको छ । २०७६ भाद्र २४ र २५ गते संचालन गरिएको शिविरमार्फत रामपुर क्षेत्रका ७ सय बढी उद्योगी तथा व्यवसायीहरुले नयाँ उद्योग तथा व्यवसाय दर्ता, नविकरण, दर्ता खारेज, आयकर तथा अन्तःशुल्क भुक्तानी लगायतका सेवा लिएका थिए। विगतमा बैंकमार्फत आयकर तथा अन्तःशुल्क तिर्ने, व्यवसाय दर्ता गरी स्थायी लेखा नम्बर लिन समय लाग्दै आएकोमा यस वर्ष शिविरको कारण व्यवसायीहरुले आफ्नो कार्य स्थलबाटै व्यवसायको तथा व्यक्तिगत स्थायी लेखा नम्बर प्राप्त गरेका थिए। करदाता सेवा कार्यालयबाट पाईने सम्पूर्ण सेवा शिविरबाटै प्राप्त हुँदा कर तिर्न पाल्पा, बुटवल जानुपर्ने बाध्यता रहेकोमा घरदैलो मै सेवा पाँउदा व्यवसायीहरुले खुशी व्यक्त गरेका थिए। त्यसैगरी कार्यालयले भाद्र महिनामा पनि कर शिक्षा कार्यक्रमलाई तिव्रता दिएको छ । कर सचेतनाको कमीले समस्या भेल्नु पर्ने बाध्यताको अन्य गर्न कर शिक्षा कार्यक्रमलाई विस्तार गर्ने कार्यालयको कार्ययोजना अनुसार आफ्नो कार्यक्षेत्र भित्र पर्ने गुल्मी जिल्लामा कर शिक्षा एवं अन्तरक्रिया कार्यक्रम सञ्चालन गरेको छ। कार्यक्रममा गुल्मी जिल्लाका उद्योगी, व्यवसायी र सरोकारवालाहरु गरी सय भन्दा बढीको सहभागिता रहेको थियो । कार्यक्रममा गत श्रावण एक गतेदेखि लागु भएका विभिन्न करका दर तथा दायराको विषयमा बृहत छलफल भएको थियो ।

कार्यक्रममा सहभागीहरुबाट उठान गरेका जिज्ञासाहरुको कर अधिकृत सागर पोखेलले सहजीकरण गर्नुभएको थियो । कार्यक्रममा बोल्दै गुल्मी उद्योग वाणिज्य संघका अध्यक्ष श्रीप्रसाद भलामीले करप्रतिको गलत बुझाइले धेरै जना उद्योगी, व्यावसायी र सरोकारवलाहरु अझ पनि करको दायरामा आउन नसकेको भन्दै करदाता सेवा कार्यालय पाल्पाले गुल्मीमै आएर दिएको कर शिक्षाले करको दायरामा आउन व्यसायीहरुलाई उत्साही बनाएको बताउनुभयो ।

# अवैध मदिरा निकासीमा संलग्न सवारी चालक र धनीलाई जरिवाना

अवैध घरेलु मदिरा ओसारपसारमा संलग्न सवारी चालकलाई जरिवाना गरिएको छ। मदिरा धनी पत्ता नलागेपछि मदिरा ऐन विपरीत मदिरा ओसारपसार गरेको भन्दै चालकलाई करदाता सेवा कार्यालय पाल्पाले जरिवाना असुल गरेको हो।

जिल्लाको खानीछापबाट आएको ग.१ ज ३१९७ नम्बरको जीप प्रहरीले आर्यभञ्ज्याङ्ग स्थित सिद्धार्थ राजमार्गमा सवारी चेकजाँच गर्ने क्रममा अवैध घरेलु मदिरा फेला परेपछि चालक र जीपलाई नियन्त्रणमा लिएको थियो। प्रहरीले चालक र धनीलाई आवश्यक कारवाहीको लागि करदाता सेवा कार्यालय पाल्पामा दाखिला गरेको थियो। जीपबाट बरामद भएको ३ सय ८५ लिटर अवैध मदिरा नष्ट गरिएको छ।

मदिरा धनी पत्ता नलागेकाले अन्त:शुल्क ऐन, २०५८ को दफा १६ को उपदफा (४) बमोजिम कसुरसँग सम्बन्धित प्रयोगमा रहेको भाडा वर्तन सहित उक्त मदिरा नष्ट गरिएको र कसूर बमोजिम जरिवाना गरिएको कार्यालयले जनाएको छ।



## विद्युतीय वीजक सम्बन्धी कार्यविधि, २०७४ मा भएको संशोधन सम्बन्धी सूचना

**विद्युतीय वीजक सम्बन्धी कार्यविधि, २०७४ मा मिति २०७६/४/१३ मा भएको तेश्रो संशोधनले कार्यविधिको परिच्छेद - ३ को सि.नं. ३ को खण्ड (ख) देहाय बमोजिम कायम भएको व्यहोरा जानकारी गराईएको छ।**

विद्युतीय माध्यमबाट वीजक जारी गर्न प्रयोग गरिने विद्युतीय उपकरण तथा सफ्टवेयरमा यस कार्यविधि बमोजिमका मापदण्डहरु पूरा भएको व्यहोरा उक्त उपकरण वा सफ्टवेयरको उत्पादन स्वदेशमा भएको भए सोको उत्पादक स्वयंले र विदेशबाट आयात भएको भए सोको आधिकारीक वितरक स्वयंले परिच्छेद-१ बमोजिमको ढाँचामा प्रमाणिकरण गरी विभागमा सूचीकरण गराउनु पर्नेछ । विदेशबाट उत्पादन आयात भएको तर नेपालमा आधिकारीक वितरक नभई प्रयोगकर्ता आफैंले मात्र प्रयोग गर्ने गरी संझौता भएको भए प्रयोगकर्ता आफैंले उत्पादकको तर्फबाट निर्वाह गर्नु पर्ने जिम्मेवारी समेत निर्वाह गर्ने गरी निवेदन गरेमा प्रयोगकर्ताले प्रमाणीकरण गरी विभागमा सूचीकरण गराउन सक्नेछ।

# आन्तरिक राजस्व कार्यालय बागलुङ्गद्धारा कर शिविर तथा करदाता शिक्षा कार्यक्रम सञ्चालन




आन्तरिक राजस्व कार्यालय बागलुङले साना करदातालाई कर सहभागिता लागत कम गर्न कार्यालयको कार्यक्षेत्र अन्तर्गतका विभिन्न स्थानमा कर शिविर तथा करदाता शिक्षा कार्यक्रम सम्पन्न गरेको छ। बागलुङ जिल्लाका पश्चिमीभागमा रहेका वडिगाड गाउँपालिका, तमानखोला गाउँपालिका, निसीखोला गाउँपालिका र ढोरपाटन नगरपालिका गरी ४ वटा स्थानीय तहका करदाताहरुबाट आय विवरण तथा कर संकलन, व्यक्तिगत तथा व्यवसायिक स्थायी लेखा नम्बर दर्ता तथा करदाता शिक्षा कार्यक्रम संचालन भएको हो। मिति २०७६/०५/१२ देखि २०७६/०५/१४ सम्म तीन दिन संचालित उक्त कार्यक्रममा २३८ व्यवसायिक स्थायी लेखा नम्बर दर्ता, ३१० व्यक्तिगत स्थायी लेखा नम्बर जारी गरिएको र ३०२ आय विवरण संकलन भई रु.१२ लाख ७० हजार राजस्व संकलन समेत गरिएको थियो । उक्त अवसरमा संचालित करदाता शिक्षा कार्यक्रममा १८४ जना करदाताहरुको उपस्थिति रहेको थियो । उक्त कार्यक्रममा कर अधिकृत बुद्धि प्रसाद आचार्यले सहभागीहरुलाई करदाता शिक्षा प्रदान गर्नुभएको थियो भने प्रमुख कर अधिकृत हेमराज सुवेदीले सहभागीहरुको जिज्ञासाको जवाफ दिदै करदाताहरुलाई सहज रुपमा सेवा प्रदान गर्न र कर कानूनका बारेमा जानकारी दिन आन्तरिक राजस्व कार्यालय सदैव तत्पर रहेको र करदाताबाट पनि कर कानूनको पालना हुनेमा विश्वस्त रहेको बताउनुभयो ।

यसैगरी पर्वत जिल्लाको दक्षिणी भेगका करदाताहरुलाई घर दैलोमा सेवा प्रदान गर्ने उद्देश्यले मिति २०७६/०५/२७ देखि २९ गतेसम्म पैंयू गाउँपालिकाको हवास बजार र महाशिला गाउँपालिकाको लुंखु बजारमा कर शिविर तथा करदाता शिक्षा कार्यक्रम सम्पन्न भएको छ। पर्वत जिल्लाको दक्षिणमा अवस्थित विहादी गाउपालिका, पैंयू गाउपालिका र महाशिला गाउँपालिका अन्तर्गतका २२५ करदाताहरुलाई व्यवसायिक स्थायी लेखा नम्बर दर्ता तथा ४५१ वटा व्यक्तिगत स्थायी लेखा नम्बर प्रदान गरिएको उक्त शिविरमा २२५ वटा आय विवरण संकलन भएको र रु.१० लाख ४९ हजार राजस्व संकलन समेत भएको थियो । सोही अवसरमा करदाता शिक्षा कार्यक्रम पनि संचालन गरिएको थियो। उक्त कार्यक्रममा ८४ वटा करदाताहरुले करदाता शिक्षा लिनुका साथै आफ्नो जिज्ञासा समेत राखेका थिए। कर अधिकृत वसन्त नेपालले प्रस्तुतीकरण गर्नुभएको थियो। कार्यक्रममा प्रमुख कर अधिकृत हेमराज सुवेदीले सहजीकरण गर्नुभएको थियो ।

# आय विवरणका अनुसूची तथा सम्बन्धित परिमार्जित फारामहरु

आयकर ऐन, २०५८ को दफा ९६ बमोजिम दाखिला गर्नुपर्ने आय विवरण साथ पेश हुने अनुसूची तथा फारामहरुमा समसामयिक परिमार्जन गरिएको छ । परिमार्जित अनुसूची तथा फारमहरु मिति २०७६ श्रावण १ गते देखि लागू भएका छन् ।

परिमार्जित  तथा नयाँ फारामहरुको सूची

**१.२ सबैलाई लागु हुने अनुसूचि ५ मा सिधा सम्बन्ध भएका फारामहरु**

| | |
|---|---|
| ह्रासयोग्य सम्पति | डे १५०४-०१-०३-७६ |
| अन्यआय | डे १५१६-०१-०३-७६ |
| व्याज खर्च | डे १५१८-०१-०३(७६ |
| व्यापारिक वस्तु निसर्गको लागत | डे १५१९-०१-०३-७६ |
| अन्य खर्चको विवरण | डे १५२५-०१-०३-७६ |
| नोक्सानी कट्टीकोविवरण | डे १५२८-०१-०३-७६ |
| छुट तथा सुविधाको विवरण | डे १५३५-०१-०३-७६ |

**१.२ सबैलाई लागु हुने अनुसूचि ५ मा सिधै असर नगर्ने करदाता र करारोपण सम्बन्धी सूचनामूलक फाराम**

| | |
|---|---|
| खरिद, विक्री, लिन बाँकी र तिर्न बाँकीको विवरण | डे १५००१-०१-०३-७६ |
| सबैलाई लागु हुने अनुसूचि ५ संग सोझो सम्बन्ध नभएता पनि ऋस सम्बन्ध भएका फारामहरु | |
| सम्बद्ध व्यक्ति र व्यवस्थापकीय कर्मचारीसँगको कारोवार | डे १५४०१-०१-०३-७६ |
| सापटी पेश्की लिए दिएको विवरण | डे १५४०२-०१-०३-७६ |
| वित्तीय वासलात र कर आधार | डे १५४०३-०१-०३-७६ |
| वित्तीय विवरण अनुसारको नाफा नोक्सान | डे १५४०४-०१-०३-७६ |
| शेयरधनीको विवरण | डे १५४०५-०१-०३-७६ |
| वित्तिय लेखा र मूल्य अभिवृद्धि कर लेखातर्फ खरिद मिलान | डे १५४०६-०१-०३-७६ |

**२. प्रस्तावित व्यवसायजन्य फारामहरु**

**२.१ मेडिकल कलेज**

| | |
|---|---|
| मेडिकल कलेजको आय | डे १५४११-०१-०३-७६ |
| अग्रिम शुल्कको विवरण | डे१५४१२-०१-०३-७६ |
| विद्यार्थी संख्या र भुक्तानीको विवरण | डे१५४१३-०१-०३-७६ |
| सेवा शुल्कको विवरण | डे१५४१४-०१-०३-७६ |
| सञ्चालन खर्चको विवरण | डे१५४१५-०१-०३-७६ |

**२.२ सिमेन्ट उद्योग**

| | |
|---|---|
| चुनढुङ्गा तथा अन्य कच्चा पदार्थको प्रयोगको परिमाण | डे१५४२०-०१-०३-७६ |
| Raw Meal प्रयोग तथा उत्पादनमा भएको नोक्सानीविवरण | डे१५४२१-०१-०३-७६ |
| क्लिङ्कर उत्पादन तथा विक्रीको विवरण | डे१५४२२-०१-०३-७६ |
| सिमेण्ट उत्पादन तथा बिक्रीको विवरण | डे१५४२३-०१-०३-७६ |
| उर्जा उत्पादनका लागि कोइला र अन्य बस्तुहरुको खपत | डे१५४२४-०१-०३-७६ |
| जिप्सन, खरानी तथा प्याकिङ सामान खपतको विवरण | डे१५४२५-०१-०३-७६ |
| सिमेण्ट उत्पादनका लागि कूल उर्जा खपतको विवरण | डे१५४२६-०१-०३-७६ |

**२.३ इन्टरनेटतथा केवल टिभि**

| | |
|---|---|
| सेवा शुल्कको वर्गिकरण | डे१५४३०-०१-०३-७६ |
| इजाजत पत्र र अनुमति प्राप्त गरेको विवरण | डे१५४३१-०१-०३-७६ |
| अन्लिमिटेड इन्टरनेट र केबल - एमएसओ | डे१५४३२-०१-०३-७६ |
| लिमिटेड इन्टरनेट | डे१५४३३-०१-०३-७६ |
| रिलोकेसन फि | डे१५४३४-०१-०३-७६ |
| सर्भरको लोकेसन शुल्क | डे१५४३५-०१-०३-७६ |

**२.४ चिनी उद्योग**

| | |
|---|---|
| चिनी उद्योग र उत्पादनसङ्ग सम्बन्धित विवरण | डे१५४४०-०१-०३-७६ |
| उखु खरिद तथा खपत र उत्पादन | डे१५४४१-०१-०३-७६ |

**३. प्राकृतिक व्यक्तिसङ्ग सम्बन्धित नयाँ फाराम**

**४. तत्काल लागु गर्न  अल्पकालका लागि** समायोजन गरिएका फारामहरु

| | |
|---|---|
| वित्तीय वासलात र कर आधार | डे१५४०३-०१-०३-७६ |
| वित्तीय विवरण अनुसारको नाफा नोक्सान | डे१५४०४-०१-०३-७६ |

# आर्थिक वर्ष २०७६/७७ बाट लागू हुने राजस्व संकेत र व्याख्या

| सि. नं. | आ.व. २०७६।०७७ देखी कायम भएको राजस्व संकेत | राजस्व आधार शीर्षक, मूल शीर्षक, शीर्षक तथा उपशीर्षक | आ.व. २०७५।०७६मा कायम भएका संकेतहरु | व्याख्या | प्रयोग हुने तह | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | संघ | प्रदेश | स्थानीय |
| १ | ११११११ | एकलौटी फर्म तथा व्यक्तिगत आयमा लाग्ने कर | ११११११ | एकलौटी फर्म तथा व्यक्तिगत आयमा लाग्ने कर यसमा पर्दछ। | √ | | |
| २ | १११११२ | पारिश्रमिक कर | १११११२ | कुनै प्राकृतिक व्यक्तिले रोजगारीबाट प्राप्त गरेको तलव, ज्याला, मजदुरी, पारिश्रमिक, भत्ता एवं सुविधा, अवकाश भुक्तानी, रोजगारीका सम्बन्धमा गरिएका अन्य भुक्तानी, अध्ययन, अध्यापन आदि विभिन्न स्रोतबाट हुने आयमा लाग्ने कर यसमा पर्दछ। | √ | | |
| ३ | १११११३ | पूँजीगत लाभ कर | १११११३ | घर, जग्गा, शेयर आदि सम्पत्तिको बिक्री, पट्टा, हक हस्तान्तरण लगायत विभिन्न किसिमका निःसर्गबाट भएको पुँजीगत लाभमा व्यक्ति तथा एकलौटी फर्मलाई लाग्ने कर यसमा पर्दछ। | √ | | |
| ४ | ११११२० | निकायको आयमा लाग्ने कर | ११११२० | व्यवसायिक निकाय तथा संस्थानको आयमा लाग्ने कर यसमा पर्दछ।यो शीर्षकमा रकम जम्मा गर्न मिल्दैन। | √ | | |
| ५ | ११११२१ | निकायको मुनाफामा लाग्ने कर-सरकारी संस्थान | ११११२१ | सरकारको पूर्ण वा अधिकांश (५०प्रतिशत भन्दा बढी)स्वामित्व भएका सरकारी निकाय तथा त्यस्ता निकायको व्यवस्थापकीय नियन्त्रण भएको निकायको आयमा लाग्ने कर यसमा पर्दछ। | √ | | |
| ६ | ११११२२ | निकायको मुनाफामा लाग्ने कर - पब्लिक लिमिटेड कम्पनी | ११११२२ | कुनै विशेष ऐन वा कम्पनी ऐन अन्तर्गत दर्ता भएका पब्लिक लिमिटेड कम्पनी र सरकारको ५०प्रतिशत भन्दा कम स्वामित्व भएका कम्पनीको आयमा लाग्ने कर यसमा पर्दछ। | √ | | |
| ७ | ११११२३ | निकायको मुनाफामा लाग्ने कर –प्राइभेट लिमिटेड कम्पनी | ११११२३ | कम्पनी ऐन अन्तर्गत दर्ता भएका प्राइभेट लिमिटेड कम्पनी तथा आयकर ऐन बमोजिम तोकिएको कम्पनीको आयमा लाग्ने कर यसमा पर्दछ। | √ | | |
| ८ | ११११२४ | निकायको मुनाफामा लाग्ने कर –अन्य संस्था | ११११२४ | माथि उल्लिखित उपशीर्षक ११११२१ देखि ११११२३ भित्र परेका बाहेक अन्य संस्थाहरुः- साझेदारी फर्म, सहकारी संस्था, ट्रष्ट, युनिट ट्रष्ट, संघ/संस्था, विदेशी कम्पनी एवं अन्य निकायको आयमा लाग्ने कर यसमा पर्दछ। | √ | | |
| ९ | ११११२५ | पूँजीगत लाभ कर - निकाय | ११११२५ | घर, जग्गा, शेयर आदि सम्पत्तिको बिक्री, पट्टा, हक हस्तान्तरण लगायत विभिन्न किसिमका निःसर्गबाट भएको पुँजीगत लाभमा निकायलाई लाग्ने कर यसमा पर्दछ। | √ | | |
| १० | ११११३० | लगानीको आय तथा अन्य आयमा लाग्ने कर | ११११३० | माथि उल्लेखित शीर्षक ११११११ देखि ११११२५ भित्र परेका बाहेक अन्य आयमा लाग्ने कर यसमा पर्दछ। यो शीर्षकमा रकम जम्मा गर्न मिल्दैन। | √ | | |
| ११ | ११११३१ | सम्पत्ती, बहाल तथा पट्टा वापतको आयमा लाग्ने कर | ११११३१ | घर, जग्गा, सवारी साधन तथा अन्य अचल सम्पत्ती बहाल वा पट्टा वा दीर्घकालीन करारमा दिए वापतको आयमा लाग्ने कर यसमा पर्दछ। | √ | | □ |
| १२ | ११११३२ | ब्याजमा लाग्ने कर | ११११३२ | बैंक, वित्त कम्पनी वा अन्य निकाय वा व्यक्तिबाट भुक्तानी गरिने वा प्राप्त हुने ब्याजमा लाग्ने कर यसमा पर्दछ। | √ | | |
| १३ | ११११३३ | लाभांशमा लाग्ने कर | ११११३३ | कुनैपनि कम्पनी वा निकायमा लगानी गरे वापत | √ | | |

| सि. नं. | आ.व. २०७६।०७७ देखी कायम भएको राजस्व संकेत | राजस्व आधार शीर्षक, मूल शीर्षक, शीर्षक तथा उपशीर्षक | आ.व. २०७५।०७६मा कायम भएका संकेतहरु | ब्याख्या | प्रयोग हुने तह | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | संघ | प्रदेश | स्थानीय |
| | | | | प्राप्त हुने लाभांशमा लाग्ने कर यसमा पर्दछ। | | | |
| १४ | ११134 | लगानी सम्बन्धी अन्य आयमा लाग्ने कर | ११134 | लगानी सम्बन्धी अन्य आयमा लाग्ने कर यसमा पर्दछ। | √ | | |
| १५ | ११135 | आकस्मिक लाभ कर | ११135 | जुवा, चिठ्ठा, बाजी, उपहार, दान, अपुताली, सुराकी, पुरस्कार लगायतका आकस्मिक लाभका स्रोतबाट प्राप्त आयमा लाग्ने कर यसमा पर्दछ। | √ | | |
| १६ | ११139 | अन्य आयमा लाग्ने कर | ११139 | माथि उल्लेखित शीर्षक नं. हरूमा नपरेका अन्य आयमा लाग्ने कर यसमा पर्दछ। | √ | | |
| १७ | ११२११ | पारिश्रमिकमा आधारित सामाजिक सुरक्षा कर | ११२११ | कुनै प्राकृतिक व्यक्तिले रोजगारीबाट प्राप्त गरेको तलव, ज्याला, मजदुरी, पारिश्रमिक, भत्ता एवं सुविधा, अवकाश भुक्तानी, रोजगारीका सम्बन्धमा गरिएका अन्य भुक्तानी, अध्ययन, अध्यापन आदि विभिन्न स्रोतबाट हुने समग्र आयमा एकमुष्ट रूपमा तोकिए बमोजिम लिईने सामाजिक सुरक्षा कर यसमा पर्दछ। | √ | | |
| १८ | ११४४२ | स्वास्थ्य सेवा कर | ११४४२ | सरकार तथा सामुदायिक अस्पतालले प्रदान गर्ने स्वास्थ्य सेवा बाहेक अन्य स्वास्थ्य संस्थाले प्रदान गर्ने स्वास्थ्य सेवामा लाग्ने कर यसमा पर्दछ। | √ | | |
| १९ | ११४४३ | शिक्षा सेवा कर- शैक्षिक संस्था | ११४४३ | निजी शैक्षिक संस्थाहरूले प्रदान गर्ने तोकिएका शैक्षिक सेवाहरूमा लाग्ने शिक्षा सेवाशुल्क यसमा पर्दछ। | √ | | |
| २० | ११४४४ | शिक्षा सेवा कर- वैदेशिक अध्ययन | ११४४४ | विदेशमा अध्ययन गर्न जाने विद्यार्थीहरूले बुझाउनु पर्ने शिक्षण शुल्कमा लाग्ने सेवा शुल्क वापत्को रकम यसमा पर्दछ। | √ | | |
| २१ | ११४५४ | सडक निर्माण तथा सम्भार कर | ११४५४ | सवारी साधन दर्ताका वखत यातायात व्यवस्था कार्यालयमा सवारी साधनको किसिम अनुसार सङ्कलन गरिने कर यसमा पर्दछन्। | √ | | |
| २२ | १४२१४ | दूरसंचार सेवा शुल्क | १४२१४ | दूरसञ्चार सेवा शुल्क वापत्को रकम यसमा पर्दछ। | √ | | |
| २३ | १४२१५ | टेलिफोन स्वामित्वको शुल्क | १४२१५ | टेलिफोन स्वामित्व वापत्को रकम यसमा पर्दछ। | √ | | |
| २४ | ३३३११ | मू. अ. कर-उत्पादन | ३३१११ | उत्पादनकर्ताले वस्तु उत्पादन गरी बिक्री गर्दा लाग्ने मूल्य अभिवृद्धि कर यसमा पर्दछ। | √ | | |
| २५ | ३३३१३ | मू. अ. कर -वस्तु बिक्री र वितरण | ३३११३ | थोक तथा खुद्रा बिक्रेताबाट मूल्य अभिवृद्धि कर वापत तिर्नु पर्ने रकम यसमा पर्दछ। | √ | | |
| २६ | ३३३१४ | मू. अ. कर -परामर्श तथा ठेक्का | ३३११४ | सबै प्रकारका ठेक्का व्यावसाय तथा परामर्श सेवामा लाग्ने मूल्य अभिवृद्धि कर यसमापर्दछ। मूल्य अभिवृद्धि कर लागु हुनु अगाडि असुल हुन बाँकी रहेका ठेक्का कर असुलभएमा यसैमा जम्मा गर्नु पर्दछ। | √ | | |
| २७ | ३३३१५ | मू. अ. कर -पर्यटन सेवा संकलन | ३३११५ | पर्यटन व्यवसायसँग सम्बन्धित होटल, ट्राभल एजेन्सी, पदयात्रा (ट्रेकिङ), जलयात्रा (र्‍याफ्टिङ) समेतका व्यवसायमा लाग्ने मूल्य अभिवृद्धि कर यसमा पर्दछ । मूल्य अभिवृद्धि कर लागु हुनु | √ | | |

| सि. नं. | आ.व. २०७६।०७७ देखी कायम भएको राजस्व संकेत | राजस्व आधार शीर्षक, मूल शीर्षक, शीर्षक तथा उपशीर्षक | आ.व. २०७५।०७६मा कायम भएका संकेतहरु | ब्याख्या | प्रयोग हुने तह | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | संघ | प्रदेश | स्थानीय |
| | | | | अगाडि असुल हुन बाँकी रहेका होटल कर असुल भएमा यसैमा जम्मा गर्नु पर्दछ । | | | |
| २८ | ३३३१६ | मू. अ. कर -संचार सेवा, विमा, हवाई उडान र अन्य सेवा संकलन | ३३११६ | सबै प्रकारका सञ्चार सेवा (सरकारी हुलाक सेवा बाहेक), बीमा र तोकिएका अन्य सेवाको बिक्रीमा लगाइने मूल्य अभिवृद्धि कर र हवाई उडान कर वापत्को रकम यसमा पर्दछ । मूल्य अभिवृद्धि कर लागु हुनु अगाडि असुल हुन बाँकी रहेका मनोरन्जन कर असुल भएमा यसैमा जम्मा गर्नु पर्दछ । | √ | | |
| २९ | ३३३१७ | मू. अ. कर - बेदर्तावालाबाट गर्ने संकलन | ३३११७ | नेपाल बाहिरको दर्ता नभएको कुनै व्यक्तिबाट सेवा प्राप्त गर्दा उठाउनु पर्ने मूल्य अभिवृद्धि कर, काठ बिक्रीमा लगाइने मूल्य अभिवृद्धि कर, स्थानीय तह वा नेपाल स्थित अन्तर्राष्ट्रिय संघ संस्था वा नियोग वा सरकार वा मूल्य अभिवृद्धि कर नलाग्ने वस्तुको कारोवार गर्ने सार्वजनिक संस्थानले सङ्कलन/दाखिला गर्ने मूल्य अभिवृद्धि कर यसमा पर्दछ । | √ | | |
| ३० | ३३३३१ | अन्तःशुल्क -सुर्तिजन्य पदार्थ | ३३१३१ | सबैप्रकारका सुर्तीजन्य पदार्थको उत्पादनमा लाग्ने अन्तःशुल्क यसमा पर्दछ। | √ | | |
| ३१ | ३३३३२ | अन्तःशुल्क -मदिरा | ३३१३२ | मदिरा (वाईन र हल्का पेय पदार्थ समेत) को उत्पादनमा लाग्ने अन्तःशुल्क रकम यसमा पर्दछ | √ | | |
| ३२ | ३३३३३ | अन्तःशुल्क -बियर | ३३१३३ | वियरको उत्पादनमा लाग्ने अन्तःशुल्क यसमा पर्दछ। | √ | | |
| ३३ | ३३३३४ | अन्तःशुल्क -अन्य औद्योगिक उत्पादन | ३३१३४ | माथि उल्लेखित उपशीर्षक ३३३३१, ३३३३२ र ३३३३३ मा परेको बाहेक अन्य औद्योगिक उत्पादनमालाग्ने अन्तःशुल्क यसमा पर्दछ। | √ | | |

**प्रकाशक**
आन्तरिक राजस्व विभाग
लाजिम्पाट, काठमाडौं
फोन नं.: ०१-४४१५८०२, ४४१५८०३, ४४१९७१९
Email: taxbulletin@ird.gov.np
website: www.ird.gov.np

**संरक्षक**
बिनोद बहादुर कुँवर

**सल्लाहकार**
झलकराम अधिकारी
थानेश्वर गौतम
मुक्ति प्रसाद पाण्डे
प्रेमशरण श्रेष्ठ

**सम्पादन समूह**
सम्झना बराल ढकाल
सुनिल कुमार यादव
काशिनाथ भट्टराई
राजु प्रसाद प्याकुरेल
रेणुका पोखरेल



कर सम्बन्धी जानकारी टोल फ्रि नम्बर १६६००१४००००० बाट प्राप्त गरौं ।